का.जि.प्र.का.द.नं. १००/०५९/६०

२ भदौ २०७९,
बिहीबार
18 August 2022,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १९४ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

# सत्ताको 'जबरजस्ती'

राष्ट्रपतिले चासो देखाएर पुनर्बिचारका लागि फिर्ता पठाएको नागरिकता विधेयक गठबन्धनमा रहेका दलहरुकै असन्तुष्टिका बाबजुत शीर्ष तहको निर्णयका आधारमा जस्ताको तस्तै अगाडि बढ्दैछ । यसलाई सत्ताको 'जबरजस्ती'का रुपमा ब्याख्या गर्छन संविधान र कानुनका जानकारहरु ।





सत्तागठबन्धन र गठबन्धनको नेतृत्वले गठबन्धन भन्दा बाहिर अरु पनि दल छन्, प्रतिपक्ष छ, जनता छन् भन्ने नै देख्न छाडिसक्यो ।

**सुवास नेम्वाङ**
संसदीय दलको उपनेता
नेकपा एमाले

**मुकुन्द लामिछाने /मध्यान्ह**
काठमाडौं, १ भदौ ।

राष्ट्रपति विद्यादेवी भण्डारीबाट पुनर्बिचारका लागि प्रतिनिधिसभामै फिर्ता भएको नागरिता विधेयकलाई लिएर सत्तारुढ गठबन्धनमा रहेका राजनीतिक दलहरु नै विभाजित छन् । गठबन्धनमा रहेका दलका नेताहरुको अभिव्यक्तिले नागरिकता विधेयकमा गठबन्धन एक नरहेको सन्देश दिन्छ ।

तर, नेताहरुको असन्त्ष्टिका बाबजुत राष्ट्रपतिबाट सन्देशसहित पुनर्बिचारका लागि फिर्ता आएको नागरिकता विधेयक प्रतिनिधिसभाबाट जस्ताको तस्तै पारित गर्ने तयारी भएको छ । संघीय संसद सचिवालयका अनुसार बिहीबार बिहान ११ बजे प्रतिनिधिसभाको बैठक बस्ने तय भएको छ । उक्त बैठकमा गृहमन्त्री बालकृष्ण खाँडले राष्ट्रपतिले सन्देश सहित फिर्ता पठाएको नागरिकता विधेयकमाथि पुनर्बिचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नेछन् । त्यसपछि सभामै छलफल गरेर पारित गर्ने कार्यसूची छ ।

कार्यसूची अनुसार नागरिकता विधेयकमा प्रतिनिधि सभाले एकै दिनमा पुनर्बिचार गर्दैछ । यसका पछाडि शीर्ष तहको निर्णय नै रहेको स्वमं नेताहरु बताउँछन् । गठबन्धनमा रहेका दलहरुकै असन्तुष्टिका बाबजुत राष्ट्रपति संस्थाले चासो देखाएर पुनर्बिचारका लागि पठाएको नागरिकता विधेयक जस्ताको तस्तै अगाडि बढ्दैछ । सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेसको संस्थापन शेरबहादुर देउवा पक्ष राष्ट्रपतिले फिर्ता गरेको विधेयक जस्ताको तस्तै अगाडि बढाउने सोचमा थियो । तर, कांग्रेसका महामन्त्री गगन थापा राष्ट्रपतिले नागरिकता विधेयक फिर्ता गर्नु संवैधानिक अधिकार भएको बताएका थिए । विधेयक फिर्ता भएपछि उनले भनेका थिए 'राष्ट्रपतिले आफ्नो अधिकार प्रयोग गर्नुभयो । कुनै विधेयक पुनर्विचार गर्न आवश्यक लागे राष्ट्रपतिले संसदमा फिर्ता पठाउन सक्ने संवैधानिक व्यवस्था भएकाले यसमा आक्रोश व्यक्त गर्नु जरूरी नरहेको उनको भनाई थियो । अर्थात, अब पनि जस्ताको तस्तै तुरुन्तै विधेयक पास गरिहाल्नपर्छ भन्ने पक्षमा महामन्त्री थापा देखिएका थिएनन् ।

सरकारको अर्को मुख्य घटक नेकपा माओवादी केन्द्रका कतिपय नेताहरु पनि राष्ट्रपतिले फिर्ता गरेको विधेयकमा आवश्यक संशोधन हुनुपर्ने पक्षमा उभिएका थिए । विगतमा एमाले र माओवादी केन्द्र नागरिकता विधेयकलाई लिएर एकै ठाउँमा रहेको सन्देश दिएका थिए । खासगरी वैवाहिक अंगीकृत नागरिकता प्रदान गर्दा निश्चित अवधि राख्नैपर्ने पक्षमा एमाले र माओवादी केन्द्र थियो । तर, आफ्नो अडानका बाबजुत गठबन्धनका कारण नागरिकता विधेयक पास गर्न सहयोगी बन्न पर्ने भएको माओवादी केन्द्रका एक नेता बताउँछन् ।

नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ नागरिकता विधेयेकमा वैवाहिक अंगीकृतको हकमा सात वर्षको प्रवाधान हटाउँदा विचार नपुर्याइएको बताइरहेका छन् । प्रतिनिधिसभाको राज्य व्यवस्था समितिको प्रतिवेदनमा उल्लेख भएको सात वर्षे प्रावधान हटाउँन आवश्यक नभएको उनको भनाई थियो । तर, उनी पनि अब चुप लाग्नेछन् । किनभने गठबन्धनको शीर्ष तहको निर्णय जस्ताको तस्तै पारित गर्ने भन्ने छ ।

नेकपा एकीकृत समाजवादीका नेताहरु पनि विहे गरेपछि तुरुन्तै नागरिकता प्राप्त गर्ने व्स्था उचित नभएको बताइरहेका थिए । विधेयक फिर्तापछि एकीकृत समाजवादीका सम्मानित नेता तथा पूर्व प्रधानमन्त्री झलनाथ खनाल नागरिकता विधेयकमा सबै राजनीतिक दलको साझा धारणा हुनुपर्ने बताएका थिए । राष्ट्रपतिले फिर्ता गरेको सन्दर्भ दलहरुका बीचमा साझा धारणा तय गर्नका लागि खर्चिनुपर्नेमा पनि उनको जोड रहेको थियो । 'बहुमत जुट्दैमा मात्रै हुँदैन । राष्ट्रिय मुद्दा सबै दलको साझा धारणा हुनुपर्ने हुन्छ' नेता खनालले भनेका थिए ।

– बाँकी पृष्ठ २ मा

बचत गर्दा ध्यान दिऔं

सहकारीलगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?
त्यसो हो भने,

- त्यस्ता संस्थाको वित्तीय विश्वसनीयताको परीक्षण गर्न नबिर्सौं ।
- बढी ब्याजको लोभमा नफसौं ।
- ब्याजको लोभमा सावासमेत नगुमाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## स्थायी कमिटी अझै अपूर्ण पदाधिकारीमा सकस

नेकपा माओवादी केन्द्रले महाधिवेशन सकिएको सात महिना पछि केही स्थायी कमिटी सदस्य चयन गरेपनि पूर्णता पाउन बाँकी छ भने पदाधिकारी चयनको सकस सल्टाउन अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सकेका छैनन् ।




**कान्ति न्यौपाने /मध्यान्ह**
काठमाडौं, १ भदौ ।

सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रले स्थायी कमिटीलाई पूर्णता दिने तयारी गरेको छ । नेता हरिबोल गजुरेलका अनुसार, ४५ सदस्यीय स्थायी कमिटीलाई पूर्णता दिने तयारी भएको हो । त्यसका लागि मापदण्ड बनाइएको गजुरेलले बताए ।

प्रस्तावित नाममा पुष्पकमल दाहाल प्रचण्ड, नारायणकाजी श्रेष्ठ, कृष्णबहादुर महरा, देव गुरुङ, वर्षमान पुन, जनार्दन शर्मा, पम्फा भुसाल, गणेश साह, गिरिराजमणि पोखरेल, हरिबोल गजुरेल, शक्ति बस्नेत, चक्रपाणि खनाल, देवेन्द्र पौडेल, मात्रिका यादव र लिलामणि पोखरेल छन् । यी नेताहरु तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा पनि स्थायी कमिटी सदस्य थिए ।

त्यसबाहेक हितमान शाक्य, हितराज पाण्डे, राम कार्की, डिलाराम आचार्य, कालीबहादुर मल्ल, खगराज भट्ट, जयपुरी घर्ती, ओनसरी घर्ती, शशी श्रेष्ठ, पूर्णकुमारी सुवेदी, अन्जना विसंखे, यशोदा सुवेदी गुरुङ, अमृता थापा, कमला रोका, रेखा शर्मा, उर्मिला अर्याल, महेश्वर गहतराज र हकिकुल्ला खाँ छन् । प्रस्तावित नाममा धेरै महिला पर्नुमा यसअघि पुरुषलाई मात्रै समेटिनु हो । नेकपा कालमा माओवादी केन्द्रबाट स्थायी कमिटी सदस्यमा पम्फा भुसाल मात्रै थिइन् ।

तर स्थायी कमिटीमै ३३ प्रतिशत बनाउन माओवादी केन्द्रले धेरै महिलाको नाम समावेश गरेको छ । यस्तो प्रचलन सशस्त्र विद्रोहका बेला समेत थिएन । लामो समय माओवादीभित्र पम्फा भुसाल र हिसिया यमी स्थायी कमिटी सदस्य रहिन् । तर यसपटक भने त्यो संख्या बढाउने माओवादी केन्द्रको प्रस्ताव छ ।

प्रस्तावित नाम अनुमोदन हुँदा पनि माओवादी केन्द्रको स्थायी कमिटी अपूर्ण नै हुनेछन् । यसअघि माओवादी केन्द्रमा प्रचण्ड अध्यक्ष र नारायणकाजी श्रेष्ठ वरिष्ठ उपाध्यक्ष थिए । तर महाधिवेशन सकिएको सात महिनासम्म पनि पदाधिकारी चयन हुन सकेको छैन । विशेषगरी महासचिव पदमा आकांक्षी नेता मनाउन

– बाँकी पृष्ठ २ मा

## महाअभियोग सिफारिस समिति
# कार्यविधिमै अल्झियो

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्धको महाअभियोगउपर अध्ययनका लागि समयको चाप भए पनि समिति सदस्यहरु पहिलो बैठकमा गम्भीर देखिएनन् । पहिलो बैठक कार्यविधि वितरणमा मात्रै केन्द्रित भएको छ ।

**शिवराज परियार /मध्यान्ह**
काठमाडौं, १ भदौ ।

२२ साउनमा गठन भएको करिब ६ महिनापछि बुधबार महाअभियोग सिफारिस समितिको पहिलो बैठक बस्यो । एजेण्डा थियो- कार्यविधि पारित र सभापति चयन । आगामी मंसिर ४ गतेलाई चुनावको मिति तोकिएकाले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्धको महाअभियोग उपर अध्ययनका लागि समितिलाई समयको चाप छ । समयको चाप भए पनि समिति सदस्यहरु भने पहिलो बैठकमा गम्भीर देखिएनन् । पहिलो बैठक कार्यविधि वितरणमा मात्रै केन्द्रीत भयो । सभापति चयनको विषय उठ्यो तर, अगाडि बढ्न सकेन । अर्को बैठक बस्ने मिति तय भएको छैन् । अब बस्ने बैठकबाट कार्यविधि पारित गर्ने निर्णय नै पहिलो बैठकको मुख्य निर्णय हो ।

१ फागुन २०७८ मा प्रतिनिधिसभामा सत्तारुढ गठबन्धनमा रहेका दलका ९८ जना सांसदले महाभियोगको प्रस्ताव दर्ता गराएका थिए । माओवादी केन्द्र संसदीय दलका प्रमुख सचेतक देव गुरुङ, कांग्रेस संसदीय दलकी तत्कालिन सचेतक पुष्पा भुसाल र एकीकृत समाजवादी संसदीय दलका तत्कालिन प्रमुख सचेतक जीवनराम श्रेष्ठ प्रस्तावक रहेको जबराविरुद्धको महाभियोग प्रस्ताव २ ९ फागुन २०७८ मा प्रतिनिधिसभा बैठकमा पेस भएको थियो । प्रतिनिधिसभाले २२ साउन २०७९ मा जबराविरुद्धको महाअभियोग प्रस्ताव, महाअभियोग सिफारिस समितिमा पठाएको थियो । विजनेस पाएको १० औं दिनमा समितिको पहिलो बैठक बसेको हो ।

– बाँकी पृष्ठ २ मा

## सामाजिक सुरक्षा कोषले दिन थाल्यो योगदानकर्तालाई सापटी

**काठमाडौं /रासस-** सामाजिक सुरक्षा कोषमा योगदान गरिरहेको योगदानकर्ताले मोबाइल एपबाटै विभिन्न कर्जा सुविधा लिन पाउने भएका छन् । कोषले बुधबारदेखि मोबाइल एप सञ्चालनमा ल्याएको छ ।

सोही एपको प्रयोग गरेर योगदानकर्ताले विशेष सापटी, घर कर्जा, शैक्षिक कर्जा र सामाजिक कर्जा लिन सक्नेछन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा बुधबार आयोजित कार्यक्रममा श्रममन्त्री शेरबहादुर कुँवरले योगदानकर्ता विशेष सापटी र मोबाइल एपको शुभारम्भ गरे ।

सो अवसरमा मोबाइल एपबाटै कोषमा योगदान गरिरहेका विनयकुमार महतो र पवनबाबु प्रधानले विशेष सापटी तथा केशव खड्काले अवकाश सुविधाबापतको रकम प्राप्त गरे ।

एपमार्फत कोषमा योगदान गरेको रकम र विभिन्न सापटी तथा कर्जा लिएको विवरण लिन सकिने छ । कोषमा जम्मा भएको ८० प्रतिशत रकम (विशेष सापटी) झिक्नका लागि आवेदन दिने, सूचीकृत अस्पतालको सूचीलगायत विभिन्न सुविधाका बारेमा जानकारी लिन सकिने कोषका सूचना अधिकारी डा रोशन कोजुले जानकारी दिए ।

विसं २०७६ साउनसम्म नियमित योगदान गरेका योगदानकर्ताले कोषबाट सापटी तथा कर्जा लिन पाउने भएका छन् । कोषमा योगदान संकलन गर्न शुरु थालेयता करिब सात सय योगदानकर्ता त्यस्तो सुविधाका लागि योग्य भएका छन् । उनीहरुले आवश्यक परेको अवस्थामा सापटी तथा कर्जाका लागि आवेदन दिन सक्नेछन् ।

हालसम्म कोषमा तीन लाख ५२ हजार नौ सय २४ योगदानकर्ता सूचीकृत भएका छन् । कोषमा रु २२ अर्ब आठ करोड योगदान रकम संकलन भइसकेको छ । कोषले विसं २०७६ साउनदेखि योगदान रकम संकलन

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### श्रम स्वीकृति लिनेको संख्या बढ्यो

**काठमाडौं /मस-** चालु आवको साउन महिनामा गत वर्ष सोही अवधिको तुलनामा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेको संख्या बढेको छ । चालु आवको २०७९/८० को साउनमा ६३ हजार ४२ ले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको वैदेशिक रोजगार कार्यालय ताहचलका प्रमुख रमेश अर्यालले जानकारी दिए ।

गत आर्थिक वर्षको साउन महिनामा २५ हजार चार सय २८ नेपालीले श्रम स्वीकृति लिएका थिए । साउनमा सबैभन्दा बढी मलेसियाका लागि २४ हजार चार सय ८४ श्रम स्वीकृति जारी भएको छ । कतारमा १२ हजार

– बाँकी पृष्ठ २ मा

**एकीकृत समाजवादी**

# एकताको कोर्सतिर

एमालेबाट अलग भएर बनेको नेकपा एकीकृत समाजवादीले नेकपा माओवादी केन्द्रसँग एकताको ढोका खुला गरेको छ ।

**दिवाकर अधिकारी /मध्यान्ह**
काठमाडौं, १ भदौ ।



नेकपा एकीकृत समाजवादीले नेकपा माओवादी केन्द्रसँग एकताको कोर्स खुला गरेको छ । बुधबार बसेको सचिवालय बैठकले माओवादी केन्द्रसँग एकता गर्न संयोजन समिति बनाउने निर्णय गरेको हो । उपमहासचिव डा.गंगालाल तुलाधरका अनुसार, संयोजन समितिमा रहने व्यक्ति भने टुंगिन बाँकी छ ।

नेताहरुले अध्यक्ष माधवकुमार नेपाल र नेता झलनाथ खनाल रहनेगरी संयोजन समिति बन्नुपर्ने तर्क गरेका छन् । माओवादी केन्द्रबाट पनि अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड रहेको समिति बन्नुपर्ने तुलाधरले बताए । प्रचण्डले भने मंगलबार नै एकीकृत समाजवादीले संयोजन समिति बनाउने बताएका थिए ।

एकीकृत समाजवादीको सचिवालय बैठकले प्रचण्डकै भनाइ अनुसार, निर्णय भएको छ । यसले माओवादी केन्द्र र एकीकृत समाजवादीबीच एकताको कोर्स समेत खुलेको छ । २३ फागुन ०७७ मा सर्वोच्च अदालतले तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता भंग गर्ने निर्णय गरेपछि प्रचण्ड र माधव नेपाल अलगअलग दलका नेता भएका थिए । प्रचण्ड माओवादी केन्द्रकै अध्यक्ष भएका थिए भने माधव नेपाल लगायत नेता एमाले भएका थिए ।

तर गएको वर्ष भदौमा माधव नेपाल नेतृत्वमा एकीकृत समाजवादी गठन भएको थियो । एकीकृत समाजवादीमा भने माओवादी केन्द्रसँग मिल्न नहुने मत बलियो भएकाले स्थानीय चुनावमा अलगअलग भाग लिएको थियो । प्रतिनिधिसभा र प्रदेशसभा चुनाव नजिकिएपछि

– बाँकी पृष्ठ २ मा

# ‘विद्युत् वितरणमा हुने चुहावट रोक्नु मुख्य चुनौती’

**काठमाडौं/मस-** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले विद्युत् वितरण क्षेत्रको चुहावट रोक्नु चुनौतीको विषय रहेको बताएकी छिन्। बुधबार नेपल विद्युत् प्राधिकरणको ३७औं वार्षिकोत्सवका अवसरमा मन्त्री भुसालले आगामी दिनमा वितरणतर्फको चुहावट घटाउनका लागि अन्तर्राष्ट्रिय मापदण्ड कार्यान्वयन गर्न जरुरी रहेको र यसका लागि वितरण संरचना सुधारमा ध्यान दिन आवश्यक रहेको बताइन् ।




अघिल्लो वर्ष विद्युत् चुहावट नियन्त्रणबाट करिब रु दुई अर्ब आम्दानी भएको पनि उनले स्मरण गराइन् । देश विकासका लागि ऊर्जा क्षेत्रको थप विकास नभएसम्म आर्थिक फड्को मार्न कठिन हुने उनले धारणा राखिन् ।

विद्युत् उत्पादन बढ्दै जाँदा आन्तरिक खपत बढाउने कार्यमा ध्यान दिन पनि मन्त्रीले प्राधिकरणलाई आग्रह गरिन् । आन्तरिकरूपमा विद्युत् खपत बढाउनका लागि विद्युतीय चुलोको प्रयोगमा वृद्धि, विद्युतीय सवारीसाधनको प्रयोग, उद्योग कलकारखानाको विकास तथा विस्तार गर्नुपर्ने उनको धारणा थियो । आगामी दिनमा प्राधिकरणले विद्युतीय सवारीसाधन खरिद गर्ने, चार्जिङ स्टेसन निर्माण र विद्युतीय पूर्वाधारको निर्माणको कामलाई अघि बढाउनुपर्ने उनको भनाइ थियो ।

सोही अवसरमा मन्त्रीले प्राधिकरणका कर्मचारीलाई बोनस नमाग्न आग्रह पनि गरिन् । प्राधिकरण सञ्चालक समिति अध्यक्षसमेत रहेकी मन्त्री भुसालले यसै वर्ष मात्रै सरकारले कर्मचारीलाई १५ प्रतिशत तलब बढाएको स्मरण गर्दै थप आर्थिक सहयोगको माग नराख्न आग्रह गरिन् । उनले बोनस माग्न छाडेर सेवा सुधारमा लाग्न र सबै घर परिवारसम्म बिजुली पुर्‍याउने कार्यमा लाग्न कर्मचारीलाई निर्देशन दिइन् । कोभिडको महामारीपछि अर्थतन्त्र तङ्गिन नपाउँदै बोनसको कुरा उठ्नु सही नभएको उनले स्पष्ट पारिन् ।

कार्यक्रममा प्राधिकरणका कार्यकारी प्रमुख कुलमान घिसिङले हाल करिब ९६ प्रतिशत जनताले विद्युत्को सेवा प्राप्त गर्ने गरेको जानकारी दिए । हाल ४२ जिल्ला पूर्णरूपमा विद्युत् सेवा पुगेको जानकारी दिँदै उनले आगामी दुई वर्षभित्र शतप्रतिशत जनतालाई विद्युत्को सेवा प्रदान गर्ने सरकारको लक्ष्य पूरा गर्नका लागि प्राधिकरण दिनरात लागिरहेको उनले बताए ।

प्रमुख घिसिङले ३५ वर्षको इतिहासमा प्राधिकरणले गत वर्ष सबैभन्दा बढी रु १६ अर्ब १६ करोड ५० लाख नाफा आर्जन गर्न सकेको पनि जानकारी गराए । कार्यक्रममा उत्कृष्ट काम गरेको भन्दै १५ कर्मचारी र मातहतका १७ कार्यालयलाई पुरस्कृत तथा सम्मान गरिएको थियो ।

# ‘प्रहरी निर्वाचनमा केन्द्रित छ’

**सप्तरी/मस-** नेपाल प्रहरीका महानिरीक्षक (आइजीपी) धीरज प्रताप सिंहले प्रहरीको सम्पूर्ण ध्यान आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा केन्द्रित रहेको बताएका छन् । राजविराजमा पत्रकारसँग कुरा गर्दै उनले सफलतापूर्वक स्थानीय निर्वाचन सम्पन्न गरिसकेपछि प्रहरीको ध्यान आगामी निर्वाचन विश्वसनीय, भयरहित गराउनेतर्फ केन्द्रित रहेको बताए । आसन्न निर्वाचनमा नेपाल सरकारले दिएको जिम्मेवारीलाई निष्पक्ष, भयरहित तवरमा नागरिकको मताधिकारको प्रयोग गर्न दिने वातावरण बनाउनु नै समस्त प्रहरीको एकमात्र उद्देश्य रहेको प्रहरी महानिरीक्षक सिंहले बताए ।




उनले नागरिक समाज, सञ्चारकर्मीलाई समाजका विषयवस्तु प्रहरीभन्दा बढी जानकारी हुने भएकाले सहयोगको अपेक्षासमेत गरे । सार्वजनिक पद धारण गरेका व्यक्तिबाट पदीय आचारणविपरीत भएका कार्य, समाजमा भइरहेका विकृति, विसङ्गतिलाई पत्रकारले उजागर गर्ने मात्र नभई सुधार गर्ने, सच्याउने ढङ्गले पथप्रदर्शक बन्न पनि उनले आग्रह गरे । सबै क्षेत्रका कुरीतिलाई न्यूनीकरण गर्न पत्रकारको महत्वपूर्ण भूमिका रहेको उनले बताए ।

अन्य प्रदेशको तुलनामा तस्करी, कालाबजारी, महिला हिंसाका घटना बढी रहेकाले प्रहरीलाई पत्रकार र नागरिक समाजको साथ सहयोग चाहिने उल्लेख गर्दै प्रहरी महानिरीक्षक सिंहले आफ्ना प्रहरी तस्करीमा संलग्न नभएको बताए । गलत बाटोमा प्रहरी संलग्न भएको पाइएमा जानकारी दिन अनुरोध गर्दै उनले कसूरअनुसार विभागीय कारबाही गरेर जानकारी सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गरे ।

**इजाजतपत्र हराएको सूचना**

मिति २०७९/०३/२७ गते दिउँसोको समयमा चाहबिलबाट रत्नपार्क जाने क्रममा सुन्दरीमाई सिटि यातायातको बसबाट मेरो कालो रङ्को पर्स सहित पदयात्रा पदप्रदर्शक इजाजत पत्र (trekking Guide Licence) हराएको हुँदा पाउनुहुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यलय वा तलको नम्बरमा सम्पर्क गरिदिनु विनम्र अनुरोध गर्दछु ।

**इजाजतपत्र धनीः दिल कुमार वन**
**इजाजत पत्र नं: ८८७६**
**सम्पर्क नं: ९८४९६५९२९६**

## सत्ताको ...

तर, सरकारमै रहेको जनता समाजवादी पार्टी (जसपां) पनि राष्ट्रपतिको कदमलाई लिएर विरोधमा उत्रिएन ।

साउन १५ गते संघीय संसदका दुवै सदनबाट पारित भई प्रमाणीकरणका लागि आफूकहाँ आएको नागरिकता विधेयक राष्ट्रपति भण्डारीले सोमबार पुनर्विचारका लागि भन्दै प्रतिनिधि सभामै फिर्ता पठाएकी हुन् । राष्ट्रपति भण्डारीले फिर्ता पठाएको ९ पृष्ठ लामो पत्रमा नागरिकता विधेयक प्रतिनिधि सभाको जानकारी, विमर्श र अध्ययनका लागि फिर्ता पठाएको उल्लेख छ ।

फिर्ता विधेयकबारे संसद बैठकमा गत सोमबार जानकारी गराएको थियो । बिहीबार छलफल भएर पारित गर्ने कार्यसूची छ । राष्ट्रपतिले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी त्यस्तो विधेयक जस्ताको तस्तै वा संशोधन सहित पारित गरी पुनः राष्ट्रपतिकहाँ प्रमाणीकरणका लागि पठाउने व्यवस्था छ । यसरी आएको विधेयकलाई राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था छ । तर, पुनर्बिचारका लागि फिर्ता भएको नागरिकता विधेयकमा पुनर्बिचारको कुनै जुञ्जायस बिना पारित गर्ने भनी निर्णय गर्नु र आफैँभित्र रहेका असन्तुष्टि र विरोधका आवाजदलाई निस्तेज पार्नुलाई सत्ताको ‘जबरजस्ती’का रुपमा व्याख्या गर्छन संविधान र कानुनका जानकारहरु ।

अझ यस्तो संवेदनशिल विषयमा सरकारले प्रमुख प्रतिपक्षी दलसँग समेत छलफल नगरेको पाइएको छ । नेकपा एमालेका सांसदीय दलका उपनेता सुवास नेम्वाङ भन्छन्, ‘सत्ता गठबन्धन र गठबन्धनको नेतृत्वले गठबन्धनभन्दा बाहिर अरु पनि दल छन्, प्रतिपक्ष छ, जनता छन् भन्ने नै देख्न छाडिसक्यो ।’

## स्थायी...

नसक्दा पदाधिकारी चयन हुन सके को छैन ।

माओवादी केन्द्रले प्रचण्डलाई पदाधिकारी प्रस्तावको अधिकार दिएको छ । तर वर्षमान पुन, जनार्दन शर्मा, पम्फा भुसाल, देव गुरुङ लगायतले महासचिव पदमा अडान नछोडेपछि पदाधिकारी चयन हुन सकेको छैन । विशेषगरी वर्षमान र जनार्दनको संघर्ष चर्को छ । उनीहरुले तल्ला कमिटीमा समेत बलियो प्रभाव बनाएका छन् । प्रचण्डले भने पदाधिकारी प्रस्ताव गर्न ढिलाइ नगर्ने बताएका छन् ।

पदाधिकारी चयन नहुँदा माओवादी केन्द्र बहुपदीय संरचनामा जान सकेको छैन । जबकी विधानले भने बहुपदीय संरचनाको व्यवस्था गरेको छ । बहुपदीय व्यवस्थामा जान नसक्दाको लाभ भने अध्यक्ष प्रचण्डलाई पुगिरहेको छ ।

## महाअभियोग...

महाभियोग सिफारिस समितिमा मीनबहादुर विश्वकर्मा, शिवमाया तुम्बाहाङ्फे, विष्णु पौडेल, लालबाबु पण्डित, कृष्णभक्त पोखरेल, यशोदा सुवेदी गुरुङ, रामबहादुर विष्ट, रेखा शर्मा, कल्याणी खड्का, प्रमोद साह र एकवाल मियाँ सदस्य रहेका छन् । यो समितिलाई ३ महिने समयसीमा छ । तर, असोज २३ गते प्रदेश र प्रतिनिधिसभाको चुनावका लागि उम्मेदवारी दर्ता गर्ने कार्यतालिका रहेका कारण यो समितिले जतिसक्दो छिटो काम गर्नुपर्ने हुन्छ । अन्यथा कोरम नपुगेर बैठक नै बस्न नसक्ने अवस्था पनि आउन सक्छ । यही विषयमा बुधबार समितिमा सांसदहरुले पनि धारणा राखेका थिए ।

## सामाजिक ...

गर्न थालेको थियो । सूचीकृत योगदानकर्ताको आधारभूत पारिश्रमिकको ३१ प्रतिशत रकम कोषमा मासिकरुपमा जम्मा गर्नुपर्छ । आधारभूत पारिश्रमिकको ११ प्रतिशत श्रमिकका तर्फबाट र बाँकी २० प्रतिशत रोजगारदाताका तर्फबाट कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।

योगदानकर्ता सापटी निर्देशिका, २०७९ मा कोषमा सूचीकृत भएर तीन वर्ष नियमित योगदान गरेका योगदानकर्ताले सापटी र कर्जा सुविधा लिन सक्ने व्यवस्था छ । निर्देशिकाअनुसार योगदानकर्ताले नयाँ घर निर्माण गर्न, आफ्नो स्वामित्वमा रहेको घरमा तला थप्न तथा मर्मत गर्न, संयुक्त आवासमा युनिट खरिद गर्न र घर खरिद गर्न कर्जा पाउनेछन् ।

कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले विशेष सापटी र कर्जा लिनका लागि ३६ महिना योगदान गरेको तथा अनिवार्य अवकाश हुन कम्तीमा दुई वर्ष बाँकी रहेको हुनुपर्ने बताए । धितो मूल्यांकनका आधारमा योगदानकर्ताले अधिकतम रु ७५ लाख वा १५ वर्षको तलब बराबरको रकम पाउनेछन् । योगदानकर्ता वा निजको पति, पत्नी, छोरा वा छोरीलाई स्वदेश वा विदेशका शैक्षिक संस्थामा उच्च शिक्षा अध्ययन प्रयोजनका लागि अधिकतम रु ३५ लाखसम्म कर्जा पाउनेछन् । शैक्षिक कर्जाअन्तर्गत भर्ना शुल्क, मासिक शुल्क, परीक्षा शुल्क, होस्टल वा आवाज खर्च, शैक्षिक सामग्री शुल्क तथा ट्राभल र बीमा खर्च पाउनेछन् ।

योगदानकर्ताले आफू वा एकाघर/सगोलको परिवारको सदस्यको सामाजिक कार्यका लागि सामाजिक कार्य सापटी प्रदान गर्न सकिने छ । तीन वर्ष जम्मा गरेका योगदानकर्ताले अवकाश कोष योजनामा जम्मा भएको रकमको अधिकतम ८० प्रतिशत रकम प्राप्त गर्नेछन् ।

सो अवसरमा श्रममन्त्री कुँवरले कोषको सेवालाई प्रविधिमैत्री बनाउन निर्देशन दिए । कोषका योजनालाई व्यवस्थित बनाउनुपर्नेमा जोड दिँदै उनले सामाजिक सुरक्षाको दायरालाई फराकिलो बनाउन आग्रह गरे ।

कोषका अध्यक्ष एवं श्रम सचिव अर्यालले कोषमा जम्मा भएको रकमको सदुपयोग गरी योगदानकर्तालाई विभिन्न सुविधा दिन शुरु भएको बताए । ‘योगदानकर्ता रकमको परिचालन गर्न सकिएन भन्ने गुनासोको अन्त्य भएको छ,’ उनले भने, ‘यो पहिलो योजना हो, अब योगदानकर्तालाई उद्यमशील बनाउन सहुलियत कर्जा प्रवा गर्ने योजना छ ।’

## एकताको ...

भने एकताको कोर्स अगाडि बढाइएको छ । स्रोतका अनुसार, चुनाव अगाडि नै समाजवादी केन्द्र बनाउनेगरी छलफल अगाडि बढेको छ । त्यसमा पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई र उपप्रधानमन्त्री वामदेव गौतम पनि सामेल हुनेछन् ।

बाबुराम र बामदेवले भने माओवादी केन्द्रको चिन्हबाट आगामी चुनावमा भाग लिने निर्णय नै गरिसकेका छन् । बाबुरामले जनता समाजवादी पार्टीबाट अलग भएर नेपाल समाजवादी पार्टी गठन गरेका छन् । उनी नेतृत्वमा महिन्द्रराय यादव पनि छन् । बामदेव गौतम भने एमालेबाट अलग भएर आफ्नै नेतृत्वमा बनाएका थिए । उनले गएको असार दोस्रो साता मात्रै नेकपा एकता राष्ट्रिय अभियान गठन गरेका थिए । उक्त दलले माओवादी केन्द्रकै चुनाव चिन्हबाट भाग लिने निर्णय गरेको छ ।

## श्रम...

पाँच सय ७०, संयुक्त अरब इमिरेट्समा आठ हजार एक सय ४०, साउदी अरेबियामा छ हजार सात सय पाँच र कुवेतमा चार हजार दुई सय ८४ श्रम स्वीकृति जारी भएको छ । पाँच देशले मात्रै कूल श्रम स्वीकृतिको ९० प्रतिशत हिस्सा ओगटेका छन् ।

कूल श्रम स्वीकृति लिनेमध्ये पुनः श्रम स्वीकृति लिने ३२ प्रतिशत छन् भने पहिलोपटक लिने ६८ प्रतिशत छन् । गत आर्थिक वर्षमा दोहोर्‍याएर जाने ४५ प्रतिशत थिए । श्रम स्वीकृति लिनेमध्ये करिब १० प्रतिशत महिला छन् । कोभिडका कारण मलेसियाले विगतमा श्रमिक जान रोक लगाएकामा २०७८ फागुनदेखि जान सहमति दिएसँगै मलेसिया जानेको संख्या बढ्दै गएको र समग्रमा विदेशिनेको संख्या पनि बढेको सहसचिव अर्यालले जानकारी गराए । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार आर्थिक वर्ष २०७८/७९ मा रु १० खर्ब सात अर्ब विप्रेषण भित्रिएको छ । आर्थिक वर्ष २०७७/७८ मा रु नौ खर्ब ६१ अर्ब विप्रेषण भित्रिएको थियो । वैदेशिक रोजगारीमा जानेको संख्या बढेसँगै विप्रेषण आप्रवाहमा सुधार आउने विश्वास गरिएको छ ।

**Foreign Employment Opportunity in Qatar**

**COMPANY NAME: ALJAMEEL SHOWROOM**

Re-Advertisement | Pre-approval Date: 2078/09/16 Dispatch No.: 60171656 LT. 255145

| S.N. | Worker's Position | Required No's Male | Required No's Female | Minimum Qualification | Monthly Salary QR | Monthly Salary NPR | OT Facility | Working Hours Per Day | Working Day Per Week | Annual Leave | Food Facility | Accomodation Facility | Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 2 | 0 | Knowledge and experience in Sewing | 1200 | 41,556 | As per the company rule | 8 Hours | 6 Days | As per the company rule | No | Yes | 2 Years |
| 2 | Project Coordinator | 1 | 0 | | 4000 | 138,520 | | | | | | | |
| 3 | Heavy Vehicle Driver | 1 | 0 | | 2200 | 76,186 | | | | | | | |
| 4 | Foreman | 1 | 0 | | 2500 | 86,575 | | | | | | | |
| 5 | Electric | 3 | 0 | | 1200 | 41,556 | | | | | | | |
| 6 | Cashier | 3 | 0 | | 1300 | 45,019 | | | | | | | |

We Required following Candidates for reputed Company Aljameel Showroom:

- **Sponge Molding Engineer** - Bachelor Degree in Chemical/ Industrial, + 5 years Experience in Sponge Molding and manufacturing.
- **Sponge Cutter Technician** - Diploma or higher in Mechanical and 3+ year's Experience.
- **Machine Operator** - Diploma or higher in Mechanical and 3+ year's Experience.
- **Machines Maintenance Technician** - Diploma or higher in Mechanical and 3+ year's Experience.

| Medical Expenses In Nepal | Medical Expenses In Qatar | Insurance Expenses In Nepal | Insurance Expenses In Qatar | Ticket Expenses | Visa Expenses | Welfare Fund | Orientation Charge | Recruitment Agency Service Charge |
|---|---|---|---|---|---|---|---|---|
| By Candidate | By Company | By Candidate | Duty hour By Company | Provided By The Company Free of Cost | | By Candidate | By Candidate | Provide By The Company |

Interview will be held on 25 August, 2022 (9 Bhadra 2079) at Own office, Budhanilkantha, Kathmandu.

Information by Department of foreign employment: 1. If visa will receive on your name then only handover amount to agency and do not forget to take receipt. 2. Take note of the number and address of embassy in which conutry you are heading for so that they help you if incase you get problems and difficulties. 3. Do not handover any more amount (charges) to annybody than as mentioned above. 4. Please take orientation class compulsory before the departure. 5. Please do the sing on the agreement paper after reding carefully about the company, it's address facilities, salary and others terms and condition. And keep safe one copy yourselves. 6. Please use Kathmandu international airport only while departure, otherwise you may cheated. 7. If you want do know more about this advertisement then you can please contact nepal labour & employment department in Buddhanagar, New Baneshwor.

**Mobhira Recruitment Consultancy Services Pvt. Ltd.**
Govt Lic. No: 1469/074/075
Budhanilkantha-6, Hattigaunda, Kathmandu, Ph. 9801146233
Send Your CV: careers@aljameel.com.qa, gokulmobhira@gmail.com

**कतारमा रोजगारको अवसर** | १. कम्पनीः Al Waad Security Services
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/१२/११ चलानी नं.: ६०१७६५८५ LT. No.: 260404 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GUARD | 44 | 0 | स. काममा दक्ष | 1500 | ५१,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ९ गते (25 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Link International Placement Service Pvt.ltd.**
LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

**कतारमा रोजगार** | कम्पनीः LIGHT AL GHARAFA TRADING CONTRACTING AND CLEANING
शहर : QATAR

पुर्व स्वीकृत मितिः २०७९/०१/२७ चलानी नं.: ६०१७९०९५ L.T. No.: 262608 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 1 | 0 | स. काममा दक्ष | 3600 | १२१,८२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Administrative Supervisor | 2 | 0 | | 2700 | ९१,३६८ | | | | | | | |
| 3. | Busin Executive | 1 | 0 | | 2500 | ८४,६०० | | | | | | | |
| 4. | Cashier | 1 | 0 | | 1300 | ४३,९९२ | | | | | | | |
| 5. | Driver | 6 | 0 | | 1700 | ५७,५२८ | | | | | | | |
| 6. | Electric | 1 | 0 | | 1100 | ३७,२२४ | | | | | | | |
| 7. | Fire Inspectors | 1 | 0 | | 2500 | ८४,६०० | | | | | | | |
| 8. | Foreman | 9 | 0 | | 2500 | ८४,६०० | | | | | | | |
| 9. | Gen Clean Worker | 2 | 0 | | 1200 | ४०,६०८ | | | | | | | |
| 10. | General Supervisor | 1 | 0 | | 2700 | ९१,३६८ | | | | | | | |
| 11. | Labourer | 4 | 0 | | 1100 | ३७,२२४ | | | | | | | |
| 12. | Marketing Represent | 10 | 0 | | 2500 | ८४,६०० | | | | | | | |
| 13. | Plaster Worker | 1 | 0 | | 1100 | ३७,२२४ | | | | | | | |
| 14. | Public Administrative | 1 | 0 | | 2500 | ८४,६०० | | | | | | | |
| 15. | Representative | 4 | 0 | | 2200 | ७४,४४८ | | | | | | | |
| 16. | Salesman | 2 | 0 | | 1300 | ४३,९९२ | | | | | | | |
| 17. | Supervisor | 6 | 0 | | 2500 | ८४,६०० | | | | | | | |
| 18. | Supervisor Sala Area | 2 | 0 | | 2700 | ९१,३६८ | | | | | | | |
| 19. | Tailor | 1 | 0 | | 1100 | ३७,२२४ | | | | | | | |
| 20. | Tile Maker | 1 | 0 | | 1300 | ४३,९९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ९ गते (25 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१-४११०९१२
Email: alharmainhr@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

तेस्रो पटक प्रकाशित मिति : २०७९।०५।०२

यस कम्पनीको मिति २०७९/०४/२७ को विशेष साधारण सभाको निर्णयानुसार यस कम्पनीको साविक नाम **आश्रव कन्सल्टेन्ट सर्भिसेज प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम **आश्रव सर्भिसेज प्रा.लि. (प्रा.लि. नं. २७७४४७)** ले सकार्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९।०४।२९ को निर्णयानुसार यस कम्पनीको नाम परिवर्तन गरी नेपटेक सोलुसन्स प्रा.लि. कायम गरिएकोले सम्पूर्णको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**ओरियन्टेशन बिक्रिमा**

वैदेशिक रोजगारमा जानको लागि तालिम दिने राम्रो चलिरहेको ओरियन्टेशन संस्था बिक्रिमा भएकोले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

**Tower Info Foreign Job Orentation Pvt. Ltd.**
Samakhushi-26, Townplanning, Kathmandu
सम्पर्क नं.: ९८५११२८७६०,९८५११८०४३४
९८५१०४१८११

**म्यानपावर चाहियो**

चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको मेनपावर चाहिएकोले बिक्री गर्न चाहने ईच्छुक व्यक्तिहरूले तु-सम्पर्क गर्नु होला ।

सम्पर्क नं.: ९८५११२८७६०
९८५११८०४३४
९८५१०४१८११

**UAE मा वैदेशिक रोजगारको अवसर**
कम्पनीः EMIRATES FACILITIES MANAGEMENT LLC
शहरः DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०६/२५ चलानी नं.: ६०१७२१७९ L.T. No.:248321 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 152 | 61 | सम्बन्धित काममा दक्ष | 900 | ३१,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Messenger | 99 | 48 | | 1200 | ४१,५४४ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान र मितिः

बिर्तामोड, झापामा र चितवन, भरतपुरमा २०७९ भदौ १२ गते (28 August 2022) मा हुनेछ ।

मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०७९ भदौ १३ र १४ गते (29 & 30 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AIR KINGS PLACEMENT PVT. LTD.**
AKP Gov. Lic. No. 712/064/065
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Mob: 9845297209, 9841250386)

**KUWAIT मा रोजगारको अवसर** | कम्पनी : KUWAIT PRITCHARD CO. CLEANING & MAINTENANCE WLL
शहरः Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०३/१४ चलानी नं.: ६०१८२०२२ LT. No.: 266079 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner / Helper | 100 | 138 | स. काममा दक्ष | 85 | ३५,२१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ९ गते (25 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**वर्ल्डवाईड ह्युमन रिसोर्स नेटवर्किङ्ग प्रा. लि.**
श्रम इजाजत नं. ५३४/०६१/०६२
बत्तिसपुतलि, काठमाडौं, फोनः ४५७०४५७, फ्याक्सः ४५७०२४४

# निर्वाचन सुरक्षा योजना बनाउन आयोगको निर्देशन

**काठमाडौं/मस-** निर्वाचन आयोगले मंसिर ४ गते एकै चरणमा सम्पन्न हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि नेपाल सरकारलाई बुधबार चार बुँदे निर्देशन दिएको छ।

आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा गृह मन्त्रालयलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा ४ बमोजिमको सुरक्षा योजना तयार गरी आयोगमा उपलब्ध गराउन निर्देशन दिएको हो।

त्यसैगरी गत वैशाख ३० गतेसम्म सम्पन्न विभिन्न निर्वाचनबाट उपलब्ध तथ्य, तथ्यांकसमेतका आधारमा मतदान कार्यमा विभिन्न खालका अवरोध सृजना भएका अति संवेदनशील तथा संवेदनशील मतदानस्थल तथा मतदान केन्द्रको तथ्यगत




विवरण तयार गरी सोहीअनुसारको सुरक्षा योजनाको प्रबन्ध गरी कुनै पनि मतदान केन्द्रमा मतदान कार्यमा अवरोध नहुने अवस्थाको सुनिश्चितता हुने गरी विस्तृत सुरक्षा योजना तयार गरी तदनुसार सुरक्षाकर्मी खटनपटनको प्रभावकारी व्यवस्था मिलाउन निर्देशन दिएको हो।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार विशेष कारणवश कुनै पनि मतदान केन्द्रमा मतदान कार्यमा अवरोध हुने वा गर्ने स्थिति सिर्जना हुन गएमा निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ५० बमोजिम आवश्यक कारबाही हुने व्यहोराको जानकारी सबै सुरक्षा निकायलाई अग्रिमरूपमा दिन, सुरक्षा व्यवस्थापनमा सुरक्षाकर्मी कम हुने अवस्था भएमा सुरक्षाको थप व्यवस्थाका लागि सेवा निवृत्त तालिम प्राप्त नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय सेवादल र स्थानीय तहका नगर प्रहरी तथा स्थानीय तह निर्वाचन, २०७९ मा भर्ना गरिएका तालिम प्राप्त जनशक्तिलाई निजहरू सेवा निवृत्त हुँदाका तत्तत् पदअनुसार नियुक्ति दिई परिचालन गरी निर्वाचन सुरक्षा व्यवस्था मिलाउन पनि निर्देशन दिएको छ।

# नयाँ बानेश्वरबाट मोटरसाइकल चोरी गर्ने पक्राउ

**काठमाडौं/मस-** ट्राफिक प्रहरीले मोटरसाइकल चोरी गर्ने एकजनालाई पक्राउ गरेको छ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट सादा पोशाकमा खटिएको ट्राफिक प्रहरीले काठमाडौं सिफलका रमोद ठाकुर लोहारको गत वैशाख २६ गते नयाँ बानेश्वरबाट मोटरसाइकल चोरी गर्ने पोखराका २४ वर्षीय अमर सुनारलाई आज पक्राउ गरेको हो।

कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले कालो रङको पल्सर मोटरसाइकलको वास्तविक नम्बरप्लेट परिवर्तन गरी चलाउँदै गरेको अवस्थामा सुनारलाई पकनाजोलबाट पक्राउ गरिएको जानकारी दिए।

पक्राउ सुनारले वास्तविक नम्बर बागमती प्रदेश ०२-०१५ प ८२१८ नम्बरलाई परिवर्तन गरी प्रदेश ०२-०२० प ३९६८ नम्बर बनाएर चलाएको फेला परेको प्रवक्ता भट्टले बताए। ट्राफिक प्रहरीले पक्राउ परेका सुनारलाई आवश्यक अनुसन्धान एवं कारबाहीका लागि प्रहरी वृत्त नयाँ बानेश्वर पठाएको छ।

## कतारमा र मलेसियामा रोजगार

१. कम्पनी: **TOP ENERGY TRADING AND CONTRACTING** शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०१/१९ चलानी नं.: ६०१७८८५६ L.T. No.: 262589 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४१,५५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | MASON | 10 | 0 | | 1200 | ४१,५५६ | | | | | | | |
| 3. | PLUMBER | 2 | 0 | | 1200 | ४१,५५६ | | | | | | | |

२. कम्पनी: **MJB FORESTRY SDN BHD** शहर: SELANGOR

पूर्व स्वीकृत मितिः २०७९/०३/२२ चलानी नं.: ६०१८२८६५ L.T. No.: 266743

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ५१,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: **TAMEER ENGINEERING CONTRACTING** शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०३/१० चलानी नं.: ६०१८१७३१ L.T. No.: 265760

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Labourer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| | Mason | 7 | 0 | | 1200 | ४१,५५६ | | | | | | | |

४. कम्पनी: **CAFE ELEVEN ELEVEN** शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०३/१७ चलानी नं.: ६०१८२२८० L.T. No.: 266325

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 1 | 0 | | 1400 | ४८,४८२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ ९ गते (25 August 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512 | Email: info.royal1034@Gmail.com

## QATAR, KUWAIT र SAUDI मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: **REDVEIN TRADING AND CONTRACTING SERVICES** शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०३/०९ चलानी नं.: ६०१८१५३५ L.T. No.:265503 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plaster Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३८,०९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 1 | 0 | | 1900 | ६५,७९७ | | | | | | | |
| 3. | Electric | 1 | 0 | | 1100 | ३८,०९३ | | | | | | | |

२. कम्पनी: **KUWAIT FOOD COMPANY (AMERICANA) K.S.C.P** शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०९/०५ चलानी नं.: ६०१७०९०६ L.T. No.:254360 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 28 | 80 | स. काममा दक्ष | 120 | ४९,७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०७९ भदौ ९ गते (25 August 2022) मा हुनेछ।**

३. कम्पनी: **AL-DAWAA MEDICAL SERVICES CO.LTD.** शहर: AL KHOBAR

पूर्व स्वीकृत मितिः २०७९/०४/२३ चलानी नं.: ६०१८४७८९ L.T. No.:268862

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging Helper | 50 | 0 | स. काममा दक्ष | 1000 | ३३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०७९ भदौ ६ र ७ गते (22 & 23 August 2022) मा हुनेछ।**

**अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०७९ भदौ ९ गते (25 August 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको रु १०,०००/- अन्य को निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**AIR KINGS PLACEMENT PVT. LTD.**
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Mob: 9845297209, 9841250386)
AKP Gov. Lic. No. 712/064/065

## मलेसियामा रोजगार

१. कम्पनी: **PAI YEH SEN ENTERPRISES SDN BHD** शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०५/०१ चलानी नं.: ६०१८५६३६ LT. No.: 269381

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: **HD TECH SDN BHD** शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०५/०१ चलानी नं.: ६०१८५६३५ LT. No.: 269280

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 5 | स. काममा दक्ष | 1500 | ४२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: **KEE SONG AGRICULTURE (M) SDN BHD** शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०५/०१ चलानी नं.: ६०१८५६३४ LT. No.: 269135

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AGRICULTURAL | 19 | 0 | स. काममा दक्ष | 1500 | ४२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी: **Seremban Selatan Industries Supplies Sdn Bhd** शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०५/०१ चलानी नं.: ६०१८५६३३ LT. No.: 269101

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 32 | 0 | स. काममा दक्ष | 1500 | ४२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

५. कम्पनी: **FRIENDSHIP RUBBER INDUSTRY (MALAYSIA) SB** शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०५/०१ चलानी नं.: ६०१८५६३२ LT. No.: 269170

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 42 | 0 | स. काममा दक्ष | 1500 | ४२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ९ गते (25 August 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
